जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: १२, अंक: २२८ पृष्ठ: ४ | २०८२ पुस १७ बिहीबार (Thursday 01 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अत्यधिक चिसोबाट प्रभावित विपन्नलाई गोलबजार नगरपालिका वडा–७ र ८ ले गरे कम्बल वितरण



सिरहा, १६ पुस। तराई–मधेश क्षेत्रमा केही दिनदेखि लगातार चलेको चिसो हावा, हुस्सु र शीतलहरका कारण जनजीवन प्रभावित बनेपछि सिरहाको गोलबजार नगरपालिकाले अति विपन्न तथा असहाय नागरिकलाई लक्षित गरी राहत कार्यक्रम सञ्चालन गरेको छ। गोलबजार नगरपालिकाअन्तर्गत वडा नं. ७ र ८ ले संयुक्त रूपमा अत्यधिक चिसोबाट प्रभावित वृद्ध–वृद्धा तथा अति विपन्न परिवारलाई कम्बल वितरण गरेका छन्। वडा नं. ७ मा ६० र वडा नं. ८ मा ६० घरपरिवार गरी जम्मा १२० जना नागरिकलाई कम्बल वितरण गरिएको हो।

कम्बल वितरण कार्यक्रममा बोल्दै गोलबजार नगरपालिकाका नगर प्रमुख श्यामकुमार श्रेष्ठले चिसोका कारण नागरिकको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई ध्यानमा राख्दै नगरपालिकाले राहत कार्यक्रम अघि बढाएको बताए। उनले भने, चिसो मौसममा विपन्न, वृद्ध तथा असहाय नागरिक सबैभन्दा बढी प्रभावित हुन्छन्। नगरपालिकाले उनीहरूको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै आवश्यक सहयोग निरन्तर गर्नेछ।

वडा नं. ७ का वडा अध्यक्ष हरिशंरण ठाकुरले वडाभित्र रहेका अति विपन्न तथा वृद्ध नागरिकलाई चिसोबाट जोगाउने उद्देश्यले कम्बल वितरण गरिएको जानकारी दिए। उनले आगामी दिनमा पनि यस्ता सहयोग कार्यक्रमलाई निरन्तरता दिइने बताउँदै वडामा करिब ३४२ जना नागरिकलाई कम्बल वितरण गर्ने योजना रहेको उल्लेख गरे। त्यस्तै वडा नं. ८ का वडा अध्यक्ष देवनारायण महतोले चिसो मौसममा राहत सामग्री वितरण अत्यन्त आवश्यक रहेको बताउँदै, वृद्ध तथा असहाय नागरिकलाई कम्बल वितरणले उनीहरूको दैनिकीमा केही सहजता

–बाँकी दुई पेजमा

## स्थानीय सरकार मौन, वन कार्यालय सक्रिय



सिरहा, १६ पुस। जनताको जीवन र जाडोको पीडासँग प्रत्यक्ष जोडिएको जिम्मेवारी बहन गर्नुपर्ने स्थानीय सरकार मौन बसेको अवस्थामा डिभिजन वन कार्यालय लहानले बरियारपट्टी बजारमा जाडो छल्न दाउरा वितरण गरेको छ। डिभिजन वन कार्यालयका प्रमुख सेलेन्द्र मिश्राको सहयोग र रेन्जर अशोक साहको सक्रिय पहलमा गरिएको यो कार्यले स्थानीय सरकारको असक्षमता र गैरजिम्मेवारीपनलाई स्पष्ट रूपमा उजागर गरेको छ।

चिसोले सर्वसाधारणको जनजीवन कष्टकर बन्दै गएको बेला स्थानीय सरकारले कुनै ठोस राहत कार्यक्रम नल्याएको अवस्थामा संघीय निकायले हस्तक्षेप गरेर जनताको पीडा कम गर्नुपरेको स्थानीयहरूको गुनासो छ। स्थानीय जितेन्द्र साहले "स्थानीय सरकारले गर्नुपर्ने काम वन कार्यालयले गर्नु परेको छ, सेलेन्द्र सर साँच्चिकै साधुत्र बादका पात्र हुनुहुन्छ," भन्दै

–बाँकी तीन पेजमा

## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आ  नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बस्तीनजिकै क्रसर उद्योग, प्रदूषणविरुद्ध लहानका स्थानीयले गरे प्रदर्शन



**मणिलाल विश्वकर्मा**

लहान, १६ पुस। सिरहाको लहान नगरपालिका १८, शोभापुरका दलितहरूले बस्तीनजिकै सञ्चालन गरिएको क्रसरको प्रदूषणले समस्या भएको भन्दै बन्द गर्न मागसहित लहानमा प्रदर्शन गरेका छन्। संयुक्त संघर्ष समिति लहानको आह्वानमा स्थानीय दलितहरूले बुधबार 'अवैध क्रसर बन्द गर, सुकुम्बासी बस्तीको सुरक्षा गर', 'दलितहरूलाई स्वस्थ वातावरणमा बाँच्न देऊ'लगायतका नारा लगाउँदै बजार क्षेत्रमा प्रदर्शन गरेका हुन्। संघर्ष समितिका अध्यक्ष टीकाराम मोचीका अनुसार कृषि फर्म खोल्ने भन्दै केही समय कुखुरापालन गरेपछि गिट्टी–बालुवाका व्यापारीहरूले अवैध ढंगले क्रसर उद्योग सञ्चालन गर्दा बस्तीलाई समस्या भएको विषयमा पटकपटक गुनासो गरे पनि सुनुवाइ नभएपछि बाध्य भएर प्रदर्शन गरिएको बताए।

स्थानीय खुट्टी खोलाबाट अवैध ढंगले नदीजन्य पदार्थ उत्खनन गरी मुनाफा कमाउने उद्देश्यले बस्तीका दलितहरूको स्वास्थ्य, बालबालिकाको पढाइमा भइरहेको समस्यालाई नजरअन्दाज गरिएको उनले बताए। 'क्रसर उद्योग सञ्चालनले स्थानीय बासिन्दाको स्वास्थ्यमा प्रतिकूल असर मात्र पर्ने होइन, गाउँमै रहेको आधारभूत तहमा पढ्ने बालबालिकाहरूलाई पनि क्रसरबाट निस्किने धुलो–धुवाँले समस्या भइरहेको छ,' उनले भने, 'त्यसविरुद्ध वन कार्यालयलाई पनि गुहार्‍यौं, तर सुनुवाइ भइरहेको छैन।'

**क्रसर बन्द गर्न नगरको पत्र, वन बेखबर**

लहान नगरपालिकाले गत १५

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## पुराना त पुराना नयाँ दलको समानुपातिक सूची पनि उस्तै

नयाँ, पुराना सबैजसो प्रमुख राजनीतिक दलहरूले निर्वाचन आयोगमा बुझाएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि समानुपातिकमा रहेका नामहरूको बन्द सूचीले दलका नेताहरूको सोच, प्रवृत्ति र मानसिकता भने उजागर गरिदिएको छ। सबैजसो दलका नेताले दलभित्र हैकम जमाएको र हुकुम चलाएको बन्द सूचीको बनोटबाटै छर्लङ्ग हुन्छ।

नेपाली कांग्रेस, नेकपा ९एमाले० नेपाली कम्युनिस्ट पार्टीजस्ता पुराना दलका नेताहरूमाथि समानुपातिक प्रतिनिधित्व गराउँदा संविधानको भावना र सामाजिक न्यायको उपेक्षा गरेको आरोप लाग्दै आएको थियो। विडम्बना, आफूलाई नयाँ राजनीतिको वाहक दाबी गर्ने दलका नेताले तयार गरेको सूची पनि प्रवृत्तिगत आधारमा खासै फरक देखिएन। संविधानमा मूलतः प्रतिनिधि सभाको संरचना जनसंख्याको बनोटजस्तै होस् र समाजका सबै वर्ग र पक्ष समेटिउन् भन्ने उद्देश्यले समानुपातिक प्रतिनिधित्वको व्यवस्था राखिएको हो। संविधानअनुसार राजनीतिक दलहरूले उमेदवारी दिँदा जनसंख्याका आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रका साथै भूगोल र प्रदेशिक प्रतिनिधित्व गराउनुपर्छ।

समानुपातिक प्रतिनिधित्वको प्रावधान संविधानमा राखिएलगत्तै यसको दुरुपयोग पनि हुन थालेको हो। नेताका नातेदारदेखि धनाढ्य व्यवसायीसम्म पहुँच र पैसाका बलमा समानुपातिक प्रणालीबाट सांसद हुनपुगे। निश्चित आधारविना नेताको तजबिजका आधारमा समानुपातिक सूचीमा नाम राख्न थालिएपछि यस प्रणालीप्रति नै जनमानसमा वितृष्णा बढेको हो।

भदौ २३ र २४ गते जेन–जी का नाममा भएको विरोध प्रदर्शन, दमन र विध्वंसपछि राजनीतिक दलका नेताहरू सुि ने अपेक्षा धेरैले गरेका थिए। सबै दलका नेताले आफूहरू बदलिने वचन पनि दिएका थिए। तर समानुपातिक प्रणालीअन्तर्गतको बन्द सूचीले तिनीहरूको पोल खोलिदियो। पुराना त सुि एनन् नै नयाँ पनि पुरानाजस्तै बिग्रिएकै रहेछन्। अरू त अरू जेन–जी आन्दोलनको अपनत्व लिने घोषणा गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको बन्द सूचीमा परेको नामहरूका सम्बन्धमा उनीहरूकै समूह र समर्थकहरूबाट चर्को आलोचना भएको छ। थप निराशा त्यति बेला हुनेछ जब सूचीमा रहेकाहरूमध्ये पनि माथिल्लो क्रमसंख्यामा रहेका प्रभावशाली पहुँचवालामात्र छानिनेछन्।

प्रायः सबै दलले प्रभावशाली र नेताका कृपापात्रलाई सूचीमा अगिल्लो क्रममा राखेका हुन्छन्। अरू नाम त औपचारिक संख्या पुऱ्याउन न राखिएका हुन्। कुनै दलले पनि पूरै मत त पाउँदैन। पाएको मतका आधारमा सबै समूह मिलाउनुपर्छ। उता खस आर्य समूहका उमेदवार प्रत्यक्षबाट धेरै अनुपातमा निर्वाचित हुनेगरेका छन्। अर्थात्, यत्रो बलिदान र विध्वंसपछि पनि संसद् फेरि तरमारा ठालुहरूकै कब्जामा रहने भयो। केही दलले युवाको अनुपात बढाए पनि ती युवा तरमारा वर्गकै प्रतिनिधि न हुन्। यिनको अगिल्लो पुस्ताका कतिपयले त गरिबी भोगेका पनि थिए। अहिलेका तरमाराले त न मुलुक चिनेका छन् न गरिबी भोगेकै छन्। भनिन्छ, जनसंख्याको संरचना प्रतिविम्बित नभएको संसद्ले जनताको प्रतिनिधित्व गर्न सक्तैन। अर्थात्, अब बन्ने संसद्ले पनि नेपाली जनताको वास्तविक प्रतिनिधित्व गर्न नसक्ने देखियो। राजनीतिक दलका नेताहरूमा लोकतान्त्रिक राजनीतिक संस्कारको विकास हुने लक्षण पनि छैन। यनेताहरूको हैकमी प्रवृत्तिलाई परास्त गर्न अब जनताले नै विवेक प्रयोग गरी कमजोर वर्गका उमेदवारलाई निर्वाचित गर्नुपर्छ।

### *अत्यधिक चिसोबाट ...*

ल्याउने विश्वास व्यक्त गरे।

नगर प्रमुख श्रेष्ठले वडा नं. ८ निवासी विन्दा देवी सदायलाई श्रीमानको क्रियाखर्च बापत नगरपालिकाबाट २५ हजार रुपैयाँ उपलब्ध गराउने घोषणा गर्दै व्यक्तिगत रूपमा ५ हजार रुपैयाँ समेत सहयोग गरेका छन्। नगर प्रमुख श्रेष्ठले सामाजिक सञ्जालमा फैलिएको चिसोकै कारण ज्यान गएको भन्ने हल्ला भ्रमपूर्ण रहेको स्पष्ट पारे। उनले शिव दयाल सदाय पहिलेदेखि नै प्रेसर तथा ब्रेन हेमरेजका बिरामी रहेको जानकारी दिँदै गलत सूचनामा विश्वास नगर्न सबैलाई आग्रह गरे।वडा अध्यक्ष देवनारायण महतोले पनि क्रियाखर्चका लागि ५ हजार रुपैयाँ सहयोग गर्नुका साथै दाहसंस्कारका लागि आवश्यक सामग्री उपलब्ध गराएका छन्। कार्यक्रममा जिल्ला समन्वय समिती सिरहाका उप–सभापती दिलिप लामाको समेत उपस्तिथि रहेको थियो।

स्थानीयवासीहरूले नगरपालिकाको समयमै गरिएको सहयोगप्रति खुशी व्यक्त गर्दै जनप्रतिनिधिहरूलाई धन्यवाद दिएका छन्। नगरपालिकाले चिसोबाट बच्न बजार तथा भिडभाड हुने स्थानहरूमा दाउरा वितरण गर्ने कार्यक्रम पनि अघि बढाएको जनाएको छ।

# सन् २०२५ : नेपालमा भएका घटना जसले विदेशमा समेत चर्चा पाए



**विकाश चापागाईं**

सन् २०२५ मा नेपालमा भएको सबैभन्दा चर्चा कमाएको घटना हो, जेनजी आन्दोलन अर्थात् नवयुवा आन्दोलन। गएको सेप्टेम्बर (भदौ) मा नेपालभरि भ्रष्टाचारविरोधी प्रदर्शन र अन्य प्रदर्शनहरू भए। मुख्यतया 'जेनेरेशन जेड' अर्थात् नवयुवा विद्यार्थी र युवाहरू आन्दोलनमा उत्रिए। सरकारले ४ सेप्टेम्बर (भदौ १९) मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नयाँ नियम अन्तर्गत दर्ता गर्न नआएको भन्दै फेसबुक, एक्स, युट्युब, लिङ्कडइन, रेडिट, सिग्नल र स्न्यापच्याट लगायत २६ वटा सामाजिक सञ्जाल प्लेटफर्म बन्द गऱ्यो। सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रतिबन्ध लगाएपछि नवयुवाहरूले काठमाणडौंसहित देशभर आन्दोलन शुरू गरे। शासन, पारदर्शिता र राजनीतिक जवाफदेहिताका फराकिलो मुद्दाहरूलाई समेट्न आन्दोलन विस्तार भयो। ८ सेप्टेम्बर (भदौ २३) मा भएको आन्दोलन भोलिपल्ट हिसांतर्फ उन्मुख भयो। नवयुवाको आन्दोलन हिंसात्मक हुँदै गएपछि ९ सेप्टेम्बर (भदौ २४) मा प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपऱ्यो।

१२ सेप्टेम्बर (भदौ २७) मा सुशीला कार्की नेपालको अन्तरिम प्रधानमन्त्री नियुक्त हुनुभयो। १३ सेप्टेम्बर (भदौ २८) सम्ममा विरोध प्रदर्शन शान्त भयो। आन्दोलनका क्रममा कम्तीमा ७६ जनाले ज्यान गुमाए, कम्तीमा ३४ जना प्रदर्शनकारीको गोली लागेर ज्यान गयो। यो घटनाले नेपालमा मात्रै नभएर विश्वभर चर्चा भयो। अफ्रिकाको ट्युनिसियाबाट शुरू भएको आन्दोलन नेपालसहित विभिन्न देशहरूमा फैलिएको हो। १७ डिसेम्बर २०१० मा सडकमा सागसब्जी बेच्ने (स्ट्रिट भेन्डर) मोहमेद बौवाजिजी नामक युवाले प्रहरी प्रशासनले गर्ने भ्रष्टाचार, शैक्षिक बेरोजगारी तथा जीविकोपार्जनमा देखिएको आर्थिक कठिनाइका कारण खुला सडकमा आफैँलाई पेट्रोल छर्किएर आत्मदाह गरे। त्यो बलिदानी आगोको राप बिस्तारै ट्युनिसियाभरि फैलियो र पछि सिङ्गो अरब–विश्वमा विस्तारित हुन पुग्यो।

ठूलाठूला तानाशाही शासकहरू जस्तै– इजिप्टका होस्नी मुवारक, लिबियाका कर्णेल मोहम्मर गद्दाफीहरू सत्ताच्युत भए। वास्तवमा ती घटना 'जेनजी' को विद्रोहको चरित्रसँग धेरै देखिन्छ। यद्यपि त्यस बेलाका ती क्रान्तिकारीलाई 'जेनजी' भनिन्थेन। अरब स्प्रिङमा धेरैजसो युवाहरू नै आन्दोलनमा संलग्न थिए। जसमा विद्यार्थी त हुने नै भए, पेसागत युवाहरू पनि सामेल हुन पुगे जो राजनीतिक पार्टीहरूमा सामेल थिएनन्। वास्तवमा यो आन्दोलन बेरोजगारी र भ्रष्टाचार वृद्धि तथा स्वतन्त्रतामाथि बलजंङ्खी बन्देजकै जगमा खडा हुन पुगेको थियो।

छिमेकी देश श्रीलङ्का र बङ्गलादेशमा पनि यस्तै आन्दोनल भएर सत्ता परिवर्तन भयो। चुनावमार्फत बङ्गलादेशमा चौथो कार्यकालका लागि दुईतिहाइको सरकार बनाउन सफल भए पनि शेख हसिना नेतृत्वको अवामी लिगको सत्ता ढल्यो। यस्तै दुई वर्षअघि अर्को छिमेकी देश श्रीलङ्कामा पनि शुरूमा विद्यार्थीहरूले नै विद्रोह शुरू गरेका थिए। त्यसपछि आमनागरिक सडकमा ओर्लिए जसलाई स र्ष (सिंहालीमा अरागलय) भनियो। त्यसबाट सन् २०२२ मा राजापाक्षे दाजुभाइको खान्दानी शासनको अन्त्य हुन पुग्यो। त्यसैगरी गएको फेब्रुअरीमा पाकिस्तानी युवाहरूले जेलमा रहेका इमरान खान समर्थित व्यक्ति उम्मेदवारहरूलाई व्यापक रूपमा निर्वाचित गराउन पुगे। त्यो घटना आफैँमा एक विद्रोह थियो।

**विदेशमा भएका चर्चित घटना :**

विश्व सन् २०२६ को पूर्वसन्ध्यामा छ। यो विश्व इतिहासमा निर्णायक वर्षका रूपमा स्मरणीय रहने छ। यो वर्षले विश्व राजनीतिमा शक्ति सन्तुलनको पुनर्संरचना, युद्ध र शान्तिको द्वन्द्व, आर्थिक अनिश्चितता, जलवायु सङ्कट, प्रविधिगत परिवर्तन र सामाजिक रूपान्तरणलाई एकैसाथ उजागर गरेको छ।

**ट्रम्पको दोस्रो कार्यकाल शुरू भएसँगै बढेको हलचल**

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले जनवरीमा आंख्नो दोस्रो कार्यकाल शुरू गर्दै इतिहासमा लगातार दुई कार्यकाल जित्ने दोस्रो अमेरिकी राष्ट्रपति बन्नुभयो। जेडी भान्स उपराष्ट्रपतिका रूपमा नियुक्त भएपछि दोस्रो ट्रम्प प्रशासनले सरकारको आकारमा आप्रवासन, व्यापार र अन्य धेरैमा व्यापक नीतिगत परिवर्तनहरू शुरू गऱ्यो। ट्रम्पले कार्यकारी आदेशमार्फत सरकारी दक्षता विभाग सिर्जना गर्नुभयो। यसका वास्तविक नेता प्राविधिक अर्बपति एलोन मस्कले यसलाई 'नोकरशाहीको लागि चेनसा' भन्नुभयो। सरकारी दक्षता विभागले २ लाख ६० हजार स ीय कर्मचारीलाई बर्खास्त गऱ्यो। 'हाई–प्रोफाइल' कटौतीहरूमा अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सी ( यूएसएआईडी) को विघटन, शिक्षा विभाग र राष्ट्रिय स्वास्थ्य संस्थानहरू रहेका छन्। यसले नेपालसहित धेरै विकासोन्मुख देशमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारेको छ।

ट्रम्प प्रशासनले अवैध आप्रवासनमाथिको कारबाहीलाई तीव्र बनायो। काम, घर र विद्यालयमा व्यक्तिहरूलाई पक्राउ गर्न एजेन्टहरू पठायो। बन्दीहरूलाई राख्नका लागि प्रशासनले ख्लोरिडाको 'एलिगेटर अल्काट्राज' जस्ता बन्दी केन्द्रहरू सिर्जना गऱ्यो। एजेन्टले तेस्रो देश निर्वासनमार्फत आप्रवासीहरूलाई उनीहरूको आंख्नै देशबाहेक अन्य देशहरूमा पठाउने योजना पनि घोषणा गऱ्यो। एजेन्टहरूले मानिसहरूलाई चिह्न नभएका कारहरूमा जबरजस्ती राखेको सेलफोन भिडियोहरू सामाजिक सञ्जालमा भाइरल भए। अप्रिलमा ट्रम्प प्रशासनले आयातमा १० प्रतिशतको पूर्ण कर लागू गऱ्यो जसमा सबैभन्दा खराब अपराधी ठानेका देशहरूका लागि उच्च शुल्क लगाइयो। सबैभन्दा धेरै प्रभावित चीन भयो जसले १ सय ४ प्रतिशत करको सामना गऱ्यो। चीनले दुर्लभ–पृथ्वी खनिजहरूमा कडा निर्यात नियन्त्रणको साथ प्रतिक्रिया दियो।

**भारत र चीनको उदय**

भारत र चीनजस्ता एशियाली महाशक्तिदेखि अमेरिका, युरोप, मध्यपूर्व र अफ्रिकासम्मका घटनाले विश्वलाई कुनै न कुनै रूपमा प्रभावित पारे। यी परिवर्तनको केन्द्रविन्दु विशेषरूपमा भारत र चीनको उदय, प्रतिस्पर्धा र रणनीतिक चाल नै देखियो। सन् २०२५ ले २१औं शताब्दीको विश्व राजनीति अब केवल पश्चिमा शक्तिको प्रभावमा सीमित नरहेको स्पष्ट गऱ्यो। भारत र चीन दुवैले आंख्नो आर्थिक क्षमता, जनसांख्यिकीय शक्ति, प्रविधि र कूटनीतिक पहुँचमार्फत विश्व व्यवस्थामा निर्णायक भूमिका निर्वाह गर्न थालेका छन्।

यही कारणले २०२५ लाई भारत–चीन केन्द्रित विश्व रूपान्तरणको वर्षका रूपमा पनि बुझ्न सकिन्छ। भारतका लागि २०२५ आत्मविश्वास र आकाङ्क्षाको वर्ष रह्यो। सन् २०२४ को चुनावपछि स्थिर सरकार बनेसँगै भारतले आर्थिक विस्तार, पूर्वाधार विकास र रक्षा आत्मनिर्भरतालाई तीव्र गतिमा अघि बढायो। उत्पादनमा आधारित अर्थतन्त्र, सेमिकन्डक्टर उद्योग, हरित ऊर्जा र डिजिटल प्रविधिमा भएको लगानीले भारतलाई दीर्घकालीन विश्व शक्ति बन्ने दिशामा उन्मुख गरायो।

अन्तरिक्ष, रक्षा र प्रविधिमा भारतको बढ्दो उपस्थिति केवल आर्थिक उपलब्धि मात्र नभइ रणनीतिक सन्देश पनि प्रवाह गर्न नयाँदिल्ली सफल रह्यो। विदेश नीतिमा भारतले आफूलाई विश्वव्यापी दक्षिणको प्रतिनिधि र सेतुका रूपमा प्रस्तुत गर्ने प्रयास गऱ्यो भने अमेरिका, जापान, अस्ट्रेलिया र युरोपसँगको सहकार्य सघन भयो। एशिया–प्रशान्त क्षेत्रमा शान्ति, सुव्यवस्था र स्थायित्व कायम गर्ने रक्षासम्बन्धी भारत, अमेरिका, जापान र अस्ट्रेलियाबीचको

**–बाँकी तीन पेजमा**

*सन् २०२५ :..*

रणनीतिक साझेदारी क्वाडमार्फत यो क्षेत्रमा चीनको प्रभाव सन्तुलन गर्ने रणनीति अघि सारियो।

यद्यपि भारतले चीनसँगको प्रतिस्पर्धालाई पूर्ण टकरावमा रूपान्तरण हुन नदिने सावधानी पनि अपनायो। वास्तविक नियन्त्रण रेखामा सैन्य सतर्कता उच्च रह्यो तर संवादका ढोका बन्द भएनन् जसले एशियाको राजनीतिक स्थायित्व र शान्ति सुव्यवस्था कायम गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो। दुई देशबीचको द्वन्द्व मत्थर भयो। चीनका लागि सन् २०२५ आत्ममूल्याङ्कन र पुनर्संरचनाको वर्ष बन्यो। दशकौंको तीव्र आर्थिक वृद्धिपछि चीन सुस्त अर्थतन्त्र, रियल इस्टेट सङ्कट र युवामाझ बढ्दो बेरोजगारीजस्ता चुनौतीको सामना गरिरहेको थियो।

यस्ता अवस्थाबीच चीनले घरेलु बजार सुदृढीकरण, प्रविधिमा आत्मनिर्भरता र राज्य–केन्द्रित विकास मोडेललाई थप बलियो बनायो। कृत्रिम बुद्धिमत्ता (एआई), उच्च प्रविधिका सामग्री उत्पादन र सैन्य आधुनिकीकरणमा चीनको लगानी निरन्तर रह्यो जसले बेइजिङलाई विश्वका अग्रणी देशको सूचीमा स्थापित गरायो।

**राजनीतिकरूपमा चिनियाँ कम्युनिस्ट पार्टी अझ कडा**

राजनीतिकरूपमा चिनियाँ कम्युनिस्ट पार्टीको नियन्त्रण अझ कडा देखियो। स्थायित्व र राष्ट्रिय एकताका नाममा निगरानी बढाइयो जसले सामाजिक असन्तोषलाई दबाउने काम गर्‍यो। ताइवान प्रश्न चीनको सबैभन्दा संवेदनशील रणनीतिक मुद्दा रह्यो। ताइवान वरिपरि सैन्य अभ्यास र कूटनीतिक दबावले अमेरिका र उसका सहयोगीसँग सम्बन्धलाई तनावपूर्ण बनायो जसले सम्पूर्ण एशियाली क्षेत्रको सुरक्षा समीकरणमा असर पार्‍यो। जापान र चीनबीच ताइवानलाई लिएर निकै तनाव भयो।

भारत र चीनबीचको सम्बन्ध २०२५ मा प्रतिस्पर्धा र सावधानीपूर्ण संयमको मिश्रणका रूपमा रह्यो। आर्थिकरूपमा दुवै देश एकअर्कामा निर्भर भए पनि रणनीतिक अविश्वास कायमै रह्यो। दक्षिण एशिया, हिन्द–प्रशान्त क्षेत्र र विकासशील देशमा प्रभाव विस्तार गर्ने होड तीव्र बन्यो। यही प्रतिस्पर्धाले नेपालसहित श्रीलङ्का, बङ्गलादेश र अफ्रिकी देशलाई कूटनीतिक सन्तुलन अपनाउन बाध्य बनायो। २०२५ मा दुवैले जलवायु संकटका प्रत्यक्ष असर भोग्नुपर्‍यो। अनियमित मौसम, बाढी, खडेरी र चरम तापक्रमले करोडौं नागरिकको जीवन प्रभावित भयो। यसले विकास र वातावरणबीचको द्वन्द्वलाई चर्काउनुका साथै आपसी साझेदारी अपरिहार्य भएको अझ स्पष्ट बनायो। विश्वका सबैभन्दा धेरै जनसंख्या भएका भारत र चीनले जलवायु सङ्कट समाधानमा निर्वाह गर्ने सम्भावित भूमिकाले भविष्य निर्धारण गर्ने संकेत पनि गरायो।

**प्रविधिको क्षेत्रमा प्रतिस्पर्धा झनै तीव्र**

प्रविधिको क्षेत्रमा प्रतिस्पर्धा झनै तीव्र भयो। एआई, डिजिटल निगरानी, डेटा नियन्त्रण र साइबर सुरक्षामा दुवैले आ–आंख्नो मोडेल अघि सारे। भारतले लोकतान्त्रिक प्रणालीभित्र प्रविधि विस्तार गर्ने प्रयासलाई निरन्तरता दियो भने चीनले राज्य–केन्द्रित प्रविधि शासनलाई बलियो बनायो। यी फरक मोडेलको प्रतिस्पर्धाले विश्व प्रविधि राजनीतिलाई नयाँ दिशा देखायो। २०२५ विश्व इतिहासमा केवल घटनाको संकलन मात्र रहेन, यो विश्व व्यवस्थाको गहिरो पुनर्संरचनाको वर्ष बन्यो। राजनीति, अर्थतन्त्र, प्रविधि, युद्ध, जलवायु र संस्कृतिका तहमा भइरहेको परिवर्तनले मानव सभ्यतालाई गम्भीर आत्ममन्थनतर्फ धकेले। एकातिर अभूतपूर्व प्रगति र नवप्रवर्तनको दिशा देखियो भने अर्कोतिर अस्थिरता, द्वन्द्व र अनिश्चितताले भविष्य झन् जटिल बनायो।

२०२४ को अमेरिकी चुनावपछि डोनाल्ड ट्रम्पको राष्ट्रपतिको रूपमा पुनरागमनले २०२५ को प्रारम्भमै विश्व राजनीतिलाई झस्काइदियो। उहाँका नीतिले अमेरिकी विदेश नीति एकपक्षीयता, कडा राष्ट्रवाद र लेनदेनमुखी शैलीतर्फ फर्केको संकेत दियो। आक्रामक भन्सार तथा व्यापार नीतिले विश्व अर्थतन्त्रमा गहिरो प्रभाव पार्‍यो। अमेरिका–चीन व्यापार तनाव पुनः चर्किँदा युरोप, मेक्सिको र एशियाली अर्थतन्त्र पनि असरबाट अछुतो रहेनन्।

**मध्यपूर्वको युद्धविराम**

मध्यपूर्वमा इजरायल–हमास युद्धविरामले केही समयका लागि राहत दियो। युरोपमा युक्रेन युद्धको छायाँ २०२५ भरि फैलिरह्यो जसले विश्व शक्ति राजनीति, ऊर्जा सुरक्षा र सैन्य गठबन्धनको भविष्य प्रभावित गर्‍यो। विश्व शासनका बहुपक्षीय मञ्चमा पनि २०२५ परिवर्तनको वर्ष बन्यो। दक्षिण अफ्रिकाको जोहानेसबर्गमा सम्पन्न जी–२० शिखर सम्मेलनले पहिलो पटक अफ्रिकाको महत्त्व पुष्टि गर्‍यो। चीन र अमेरिकी राष्ट्रपतिबीच कोरियामा भएको भेटवार्तापछि चिसिएको अमेरिका–चीन सम्बन्ध पुनः हार्दिकतातर्फ फर्कियो।

**सांस्कृतिकरूपमा पनि महत्त्वपूर्ण वर्ष**

सांस्कृतिकरूपमा पनि २०२५ महत्त्वपूर्ण रह्यो। पोप फ्रान्सिसको निधनले विश्वभर शोक र चिन्तनको लहर फैलायो भने कला, सङ्गीत, खेलकुद, सिनेमा र साहित्यका प्रतिष्ठित व्यक्तित्वहरूको निधनले युगको अन्त्य र सांस्कृतिक निरन्तरतालाई उजागर गर्‍यो। अभिनेता धर्मेन्द्रको निधनमा बलिउड शोकमा डुब्यो। बदलिँदो शक्ति सन्तुलन, प्रविधि मानव नियन्त्रणभन्दा द्रुत गतिमा अघि बढिरहेको र कूटनीति परीक्षणमा रहेको २०२५ मा पनि देखियो। २०२५ लाई आंख्ना सीमा, कमजोरी र सम्भावनालाई एकसाथ सामना गरेको वर्षका रूपमा सम्झिन सकिन्छ।

**नेपाल प्रिमियर लिग**

तीन महिनाअघि भएको नवयुवाको आन्दोलन र त्यसले सिर्जना गरेको पीडा, तनाव र निराशाबीच शुरू भएको देशलाई नेपाल प्रिमियर लिग (एनपीएल) ले एउटै भावनामा बाँध्यो। देश अस्तव्यस्त भएको समयमा एनपीएलले त्यो अव्यवस्थालाई केही समयका लागि ओझेलमा पारिदियो। सुदूरपश्चिमदेखि सुदूरपूर्वसम्म फैलिएको एनपीएलको उत्साहले धेरैलाई दुःख र पीडाबाट केही क्षण टाढा राख्न सफल भयो। पर्यटन क्षेत्रमा असर परेका बेला 'नेपाल असुरक्षित छ' भन्ने धारणा चिर्दै एनपीएलले नेपाल सुरक्षित, शान्त र सक्षम देश हो भन्ने सन्देश विश्वसामु पुर्‍यायो। नकारात्मक परिस्थितिको बीचमा पनि एनपीएलले सकारात्मक ऊर्जा फैलायो। एनपीएलले देशलाई क्रिकेटको केन्द्रमा बाँध्यो। यो केवल खेल प्रतियोगिता मात्र रहेन, राष्ट्रिय एकताको प्रतीक बन्यो।

विदेशी टेलिभिजन च्यानलमार्फत प्रत्यक्ष प्रसारण हुनु पनि एनपीएलको अर्को महत्त्वपूर्ण सफलता हो। यसले नेपाली क्रिकेटलाई विश्वसामु चिनाएको छ। यही कारणले एनपीएलले पहिलो संस्करणमै उल्लेखनीय सफलता हासिल गरेको मानिन्छ। अब आउने संस्करणले अझ ठूलो सफलता पाउने अपेक्षा धेरैले गरेका छन्। पहिले व्यवस्थित रङ्गशाला नहुँदा दर्शक भुइँमै बसेर खेल हेर्न बाध्य हुन्थे। कतिपय त रुखमा चढेर आंख्नो ज्यान जोखिममा राखेर क्रिकेट हेर्थे। अहिले त्यो दृश्य फेरिएको छ। रङ्गशालाको स्वरूप बदलिएको छ। व्यवस्थित प्यारापिट, कुर्सीमा बसेर खेल हेर्ने सुविधा र पहिलो पटक फ्लडलाइटमा खेल हेर्ने अवसरले दर्शकको अनुभव नै बदलिदिएको छ।

नेपालमा क्रिकेट खेल्न आएका प्रख्यात खेलाडी र क्रिकेट कमेन्टेटरले यहाँको प्रशंसा गर्दै आंख्ना सामाजिक सञ्जालमा शेयर गर्दा पनि नेपालबारे विश्व समुदायले थाहा पाएका छन्। एनपीएल र नेपाली क्रिकेटलाई खेलाडी र कमेन्टेटरले मात्रै नभई विश्व प्रसिद्ध सञ्चारमाध्यमले पनि उत्तिकै महत्त्व दिएको पाइयो। एनपीएल मात्र नभएर आउँदो वर्षको फेब्रुअरीमा भारत र श्रीलङ्कामा हुने टी–२० विश्वकप क्रिकेटमा पनि नेपाल सहभागी हुँदैछ। यसले पनि नेपाललाई विश्वमा चिनाउन ठूलो सहयोग पुर्‍याउने छ।

**विपीन जोशीको पुष्टि**

७ अक्टोबर २०२३ प्यालिस्टिनी लडाकु समूह हमासको आक्रमणमा परि विपिनसँगै सुदूरपश्चिमका आठ जना विद्यार्थीले ज्यान गुमाए। कृषि विज्ञानतर्फ स्नातक तहको अध्ययनका सिलसिलामा उनीहरू दुई वर्षअघि इजरायल पुगेका थिए। अरूको शव त्यही बेला नेपाल आइपुग्यो भने विपीन जोशीलाई हमासले नियन्त्रणमा लियो। हमासले विपीनलाई गाजापट्टीसँग सीमा जोडिएको इजरायलको दक्षिणी क्षेत्र अलुमिम किवुजबाट बन्धक बनाएर लगेको थियो। एक महिनापछि इजरायली सेनाले विपीन जीवित रहेको भिडियो फेला पारेको थियो। तर गएको कात्तिक ३ गते सोमवार हमासको नियन्त्रणमा रहँदा ज्यान गुमाएका विपीनको शव नेपाल आयो।

यो घटनालाई विश्वका धेरैजसो सञ्चारमाध्यमले प्रकाशन/प्रशारण गरे। विपीन जोशीको पहिचान नहुँदै धेरै सञ्चारमाध्यमले उनको सकुशल रिहाइ होस् भन्दै कामना पनि गरे। विपीनकी बहिनी र आमा नै उनको रिहाइका लागि इजरायल र अमेरिकासम्म पुग्दा झनै विदेशका मिडियाको प्राथमिकतामा पर्‍यो। उज्यालो अनलाइनबाट

*बस्तीनजिकै ...*

मंसिरमा स्थानीय पौराणिकस्थल खुदीबखारीको दलितबस्तीको बिचमा अनधिकृत रूपमा नदीजन्य पदार्थ उत्खनन र संकलन गरी अवैध तवरबाट क्रसर सञ्चालन गरेको स्थानीय समुदायको सामूहिक निवेदनको आधारमा क्रसर बन्द गर्न पत्र काटेको मोचीले बताए। नगरपालिकाले क्रसर सञ्चालक लहान– ७ का वैजनाथप्रसाद साहलाई क्रसर बन्द गर्न पत्र काटेको भए पनि अटेर गरिरहेको उनको गुनासो छ।

नगरको पत्रमा अनधिकृत रूपमा नदीजन्य पदार्थ उत्खनन गरी अवैध तवरबाट क्रसर सञ्चालन गर्ने गरेको र सो क्षेत्रमा रहेका समुदायलाई स्वास्थ्यमा प्रतिकूल असर पारी धुलो धुवाँ र ध्वनि प्रदूषणले स्थानीय आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकालाई पनि पठनपाठनमा समस्या भइरहेको उल्लेख छ। 'विद्यार्थीलाई पढ्नसमेत असहज भएकाले अविलम्ब क्रसर हटाइदिन स्थानीय समुदायको सामूहिक निवेदन परेकाले कानुनबमोजिम दर्ता गरी सञ्चालन गर्नुपर्नेमा अवैध रूपले सञ्चालन गरेको पाइएकाले अविलम्ब बन्द गर्न आदेशानुसार जानकारी गराइन्छ,' पत्रमा भनिएको छ।

नदीजन्य तथा खानीजन्य पदार्थको उत्खन र प्रशोधन गर्न क्रसर सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्यांकन, मापदण्डबमोजिम भए–नभएको हेर्ने निकाय डिभिजन वनले भने उक्त क्रसरको विषयमा जानकारी नभएको जनाएको छ। लहानस्थित डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले बस्तीको बिचमा अवैध ढंगले क्रसर सञ्चालन गरिएको विषयमा कार्यालयलाई जानकारी नरहेको दाबी गरे।

स्थानीय दलितहरूले संघर्ष समितिमार्फत ४ पुसमा जिल्ला प्रशासन, डिभिजन वन, इलाका प्रहरी, नगरपालिकालगायत नौवटा निकायलाई बोधार्थ गर्दै लहानस्थित इलाका प्रशासन कार्यालयलाई क्रसर बन्द गर्न मागसहित ज्ञापनपत्र बुझाएका थिए।

# बालबालिकाको गलत हर्कतले बनाउन सक्छ लज्जित, सुधार्ने ४ उपाय



हरेक बालबालिकाको बानी हुन्छ चकचक गर्ने। यो उनीहरूको बालसुलभ स्वभाव नै हो। कुनै कुरा पोख्ने, च्यात्ने, बिगार्ने यो सबैजसो बालबालिकाले कुनै न कुनै समयमा गरिरहेका हुन्छन्। त्यसमा पनि केही बच्चा धेरै नै चकचक गर्ने खालका हुन्छन्। कहिलेकाहीं कुनै पार्टीमा वा कोही आफन्तकहाँ गएका बेला बच्चाले बदमासी, गलत व्यवहारहरू गर्दा अभिभावक लज्जित हुनुपर्छ। अलि सानो हुँदा त उनीहरूले नबुझेर सो सबै गरिरहेका हुन्छ। तर कोही कुनै बच्चाहरू ८–१० वर्षको हुँदासम्म यस्ता बदमासीहरू गरेर अभिभावकलाई दुःख दिइरहेका हुन्छन्। अप्ठ्यारोमा पारिरहेका हुन्छन्। बच्चाले अरुका अगाडि खराब व्यवहार गरी अभिभावकलाई लज्जित बनाउन सक्छन्।

**यो समस्याबाट कसरी छुटकारा पाउने त ?**

**१. गलत हर्कतलाई सानैबाट निरुत्साहित गर्ने**

बच्चाहरूले गर्ने व्यवहारमाथि सानै उमेरबाट अभिभावकले ख्याल राख्नुपर्छ। उनीहरूले गरेका नराम्रो काम र व्यवहारलाई यो नराम्रो काम हो, गर्नुहुँदैन भनेर सम्झाउने गर्नुपर्छ। बच्चाले नराम्रो व्यवहार गरिरहँदा हास्ने, रमाइलो मान्ने, उसलाई उक्साउने गरियो भने उनीहरू त्यो गर्न झन जोसिन्छन्। अनि, यो बानी ठूलो हुँदासम्म रहिरहन्छ। बच्चाले नराम्रो हर्कत गर्न लाग्दा दुई–चार पटक त्यसलाई रोकियो भने उनीहरूले बुझ्नेछन् कि त्यो ठिक होइन।

**२.नियम बनाउने**

कस्ता व्यक्तिको अगाडि कस्तो कुरा गर्ने, के बोल्न, के नबोल्ने, कस्तो व्यवहार गर्ने, उनीहरूलाई कसरी सम्बोधन गर्न, शिष्टाचारमा के ध्यान दिने भन्ने कुराको नियम बनाउनुपर्छ। सानैबाट यो सिकाउँदै जानुपर्छ। बच्चाले ती कुरा पालना गर्दा प्रशंसा गर्नुपर्छ, जसबाट उनीहरू उत्प्रेरित हुन्छन्। बच्चालाई सिकाएका व्यवहार अभिभावक आफैंले पनि पालना गर्दा उनीहरू राम्रो छाप बस्छ। निश्चित नियम बनाउँदा उनीहरू कुनै गलत व्यवहार गरेपछि अर्को पटकमा त्यसलाई सच्याउने मार्गमा लाग्छन्।

**३.कारण खोज्ने**

बालबालिकाले बुझ्ने उमेर भइसकेर पनि, नराम्रो व्यवहारबारे सचेत गराइहँदा पनि पटक–पटक त्यस खालका गल्ती गरिरहन्छन् भने त्यको कारण खोतल्नु राम्रो हुन्छ। कसैको रिस वा इखले पो त्यो गरिरहेको छ कि भनेर बुझ्नुपर्छ। कुनै गलत कुरा तथा व्यक्तिबाट प्रेरित भएर खराब व्यवहार देखाइरहेको हो कि पत्ता लगाउनुपर्छ। अभिभावककै व्यवहारले पनि उनीहरू चिडिएर नराम्रा हर्कत गरिरहने पनि हुनसक्छ। त्यो हो भने अभिभावक आफैँले बानी सुधार्नुपर्छ।

**४.गाली वा कुटपिटमा केन्द्रित नहुने**

यदी कोही बच्चाले कुनै बदमासी गर्‍यो वा खराब व्यवहार देखायो भने तह नलागेको भन्ने अर्थ लगाइन्छ। यसलाई कुटाइ वा गाली नपुगेको भन्ने गरिन्छ। तर प्रायः नतिजा सोचे भन्दा उल्टो देखिन्छ। हामीले समुदायमा नियाल्ने हो भने अभिभावकको धेरै गाली र कुटाइ खाइरहने बालबालिकालाई धेरै जिद्दी र बदमास भएको पाउँछौं। कारण के हो भने उनीहरूलाई यस्ता कुरामा बानी परिसकेको हुन्छ अरूले आफूलाई जस्तो व्यवहार गर्छन् आफूले पनि यस्तै प्रतिक्रिया देखाउनुपर्छ भन्ने धारणा उनीहरूको मनमा बसिकेको हुन्छ। बालबालिकालाई सकारात्मक व्यवहार गर्ने, उनीहरूलाई राम्रो सँग सुन्ने र आफैं जिम्मेवार बनाउने कुरामा केन्द्रित हुनुपर्छ।

*स्थानीय सरकार ...*

स्थानीय सरकारप्रति आक्रोश व्यक्त गरे। त्यस्तै राधेश्यामले "जाडोले जनता काँपिरहेका छन्, तर स्थानीय सरकार कुर्सीमै निदाइरहेको छ। स्थानीय सरकारको ध्यानाकर्षण कहिले हुन्छ ?" भन्दै कडा प्रश्न उठाए।

स्थानीयवासीहरूका अनुसार जनप्रतिनिधि चुनाव जितेर पदमा पुगे पनि जनताको दैनिकी र पीडाप्रति बेखबर हुनु लोकतन्त्रकै उपहास हो। जनताको करबाट तलब खाने जनप्रतिनिधिहरू संकटको घडीमा नदेखिनु लज्जास्पद भएको उनीहरूको टिप्पणी छ। बरियारपट्टीको यो घटनाले स्थानीय सरकारको प्राथमिकता के हो भन्ने गम्भीर प्रश्न खडा गरेको छ। जनताले अब आश्वासन होइन, तत्काल राहत र जवाफदेहिता चाहेको स्पष्ट सन्देश दिएको छ।

# पर्यटकीय गन्तव्य बन्दै भ्वाइ खोल्सी



जीवछ यादव

लहान, १६ पुस । लहान नगरपालिका वडा १५ उत्तरी भेगका चुरेसँग जोडिएको भूभाग प्राकृतिक दृश्यले भरिपूर्ण छ । यस वडामा हात्ती दह र राजदेवी पञ्चावतीमा त आन्तरिक र बाह्य पर्यटकहरु ओइरो लागेको छ । भ्वाइ खोल्सी अहिले आन्तरिक पर्यटकहरुको लागि गन्तव्य बन्न थालेको छ । भ्वाइ खोल्सीमा स्थानीय थारु र मुसहर समुदाय मिलेर सौन्दर्यीकरणमा लागेपछि अहिले स्थानीय सरकार र प्रदेश सरकारमा समेत प्राथमिकतामा पर्न थालेकोले अब केही वर्षमा यस खोल्सीलाई मधेश प्रदेशकै नमुना बनाउने गरी काम भइरहेको भ्वाइखेल्सी वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले बताए । उहाँले भन्नुभयो,"राजदेवी र हात्ती दह आउने पर्यटकहरुलाई भ्वाइ खोल्सी हेर्न आउने गरी लागेका छौं ।"

यस भ्वाइ खोल्सीलाई प्राकृतिक पर्यटकीय स्थल बनाउन निरन्तर लागिरहे पनि यस क्षेत्रबाट निर्वाचित नेपाली काँग्रेसका बौद्धिक चिन्तक स्वर्गीय प्रदीप गिरीले स्थलगत भ्रमण गरेर बजेट विनियोजन गरेपछि यो ठाउँ बल्ल स्थानीय र प्रदेश सरकारको ध्यान तानिएको उहाँले प्रष्टयाउनुभयो । गोसाइँकुण्ड खोल्सीको पानीलाई जम्मा गरेर आवश्यकताभन्दा बढी पानी सिंचाइका लागि प्रयोग गर्न सक्ने सम्भावना अध्ययनपछि यस खोल्सीमा भूसंरक्षण सिंचाइ कार्यालयले लगानी गरेको छ । भ्वाइ खोल्सीको पानी बानोगाउँका किसानले प्रयोग गरेर तरकारी गहुँ धान र अन्य बाली उत्पादन गर्न थालेपछि अहिले भ्वाइ खोल्सी बानोगाउँका थारु र मुसहर समुदायको उत्थानमा मद्दत पुगेको छ ।

लहान नगरपालिकाले भ्वाइ खोल्सीको डाँडामा शिव मन्दिर बनाउन, आउजाउ गर्न गाउँमा सडक ढलान र थारु परिकारबाट पर्यटकलाई खुसी बनाउन थारु संस्कृति होमस्टेको व्यवस्थापन भइसकेको स्थानीय भ्वाइ खोल्सी संरक्षण समितिका सचिव आनन्दलाल चौधरीले सुनाउनुभयो । उहाँका अनुसार खोल्सी दहमा माछापालन गरेर वर्षेनी दुई लाख, वनको डालापात दाउरा बेचेर पाँच लाख गरी सात लाख आम्दानी भइरहेको छ ।

पोखराको फेवाताल जस्तै बनावट रहेको भ्वाइ खोल्सीलाई अहिले शनिबार स्थानीय आन्तरिक पर्यटकीय स्थलको रुपमा रहेपनि यसभित्र अफै सौन्दर्यीकरण गरेर मधेश प्रदेशकै नमुना पर्यटकीय स्थल बनाउन लागि परिएको नगरप्रमुख महेश प्रसाद चौधरीले बताए । उहाँले थप्नुभयो ।"लहान नगरपालिकाको उत्तरी भेगमा पर्ने वडा १५ मा नै हात्ती दह, राजदेवी पञ्चावतीसँगै जोडिएको भ्वाइ खोल्सी पर्यटकीय स्थलले लहानको समृद्धि र विकासको आधार भएकोले यसको विस्तारका लागि नगरपालिकाले प्राथमिकतामा राखेर कार्य गरिरहेको छ ।"

लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसका शिक्षक प्राध्यापक सञ्चालक समितिले भ्वाइ खोल्सी पुगेर देखिएको प्राकृतिक दृश्यले पोखराको फेवातालको झझल्को दिएको क्याम्पस प्रमुख सञ्जकुमार चौधरीले यसको महिमा विस्तारका लागि प्रचार प्रसारमा हाम्रो क्याम्पसले सघाउने विश्वास व्यक्त गर्नुभयो । बानो नदीमा पुल निर्माण, भ्वाइ खोल्सीमा बाटोको सौन्दर्यीकरण, पर्यटकलाई रमाउन डुङ्गा ठाउँ ठाउँमा गोलघर चिल्ड्रेन पार्क निर्माणमा तत्कालै ध्यान दिइनुपर्ने उहाँले क्याम्पस सञ्चालक समितिको अध्यक्षसमेत रहनुभएका लहान नगरप्रमुख महेशप्रसाद चौधरीको ध्यानाकर्षण गराए ।

# मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्ले पूर्णता पायो



धनुषा, १६ पुस । मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । मुख्यमन्त्री कृष्णा यादवको नेतृत्वमा नयाँ सरकार गठन भएको झन्डै एक महिनापछि ६ जना मन्त्रीले शपथ लिएसँगै मन्त्रिपरिषद्ले पूर्णता पाएको हो । नेपाली कांग्रेसबाट शंकर चौधरी वन तथा वातावरण मन्त्री र श्यामप्रसाद पटेल भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री तथा जसपा नेपालबाट राजकुमार गुप्ता भौतिक पूर्वाधार विकास मन्त्री र मनिषकुमार सुमन श्रम तथा यातायात मन्त्री बन्नुभएको छ । यस्तै जनमतबाट वसन्त कुशवाहा खेलकुद तथा समाज कल्याण र नेकपा (माओवादी केन्द्र) बाट फकिरा महतो गृह, सञ्चार तथा कानून मन्त्री बन्नुभएको छ ।

नवनियुक्त मन्त्रीहरूले प्रदेश प्रमुख डा. सुरेन्द्र लाभबाट पद तथा गोपनीयताको शपथ लिनुभएको छ । गएको मङ्सिर १९ गते नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णा यादव सातदलीय गठबन्धनको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनुभएको थियो । त्यही दिन तीन जना मन्त्री नियुक्त गर्नुभएका यादवले मङ्सिर २९ गते दुई जना मन्त्री नियुक्त गर्दै विनाविभागीय मन्त्रीहरूलाई समेत जिम्मेवारी तोक्नुभएको थियो ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो ।

# राष्ट्रियसभा निर्वाचनका लागि जनकपुरमा निर्वाचन अधिकृतको कार्यालय स्थापना



धनुषा, १६ पुस । राष्ट्रियसभा निर्वाचनका लागि मधेसको जनकपुरधाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनको तयारी गर्ने उद्देश्यले जनकपुरधाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको हो । मधेस प्रदेशमा ३७९ जना मतदाता रहेकोमा मतभार १० हजार ८सय ३९ रहेको छ त्यसैगरी १०७ जना प्रदेश सभा सदस्यको मतभार ५३ रहेको छ । जसको मतभार ५ हजार ६ सय ७१ रहेको छ । निर्वाचनमा मतदाता रहेको अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुखको मतदाता २७२ रहेको छ । जसको कुल मतभार ५ हजार १सय ६८ रहेको छ । निर्वाचनका मुख्य अधिकृत सुभाष बाबु पुरीले कतिपय प्रदेश सभा सदस्यहरू निलम्बनमा परेको र स्थानीय तहका जनप्रतिनिधिहरु जो मतदाता रहेका छन् उनीहरू समेत निलम्बनमा परेकोले अन्तिम नामावली प्रकाशित हुन नसकेको र अन्तिम नामावली प्रकाशित भएपछि कुल मतदाताको संख्या यकिन हुने जानकारी दिए । निर्वाचन आयोगले पुस १९ गते मतदाता नामावली प्रकाशित गर्नेछन् भने माघ ११ गते निर्वाचन हुने छ ।

# अत्यधिक चिसोका कारण सिरहामा वृद्धको मृत्यु



सिरहा, १६ पुस । सिरहामा केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरका कारण एक जना वृद्धको मृत्यु भएको छ । गोलबजार नगरपालिका–८ का ६० वर्षीय शिवदयाल सदायको चिसोले कठ्याङ्ग्रिएर मृत्यु भएको हो । लामो समयदेखि मधुमेह र दम रोगबाट पीडित सदायको बुधबार बिहान आंखै घरमा मृत्यु भएको उनकी श्रीमती फेकनी देवी सदायले जानकारी दिइन् । विपन्न परिवारका सदायको घरमा न्यानो कपडा र जाडो छल्ने राम्रो व्यवस्था नहुँदा चिसो सहन नसकेर ज्यान गएको वडा सदस्य तनुकलाल महतोले बताए ।

आर्थिक अवस्था अत्यन्तै कमजोर रहेका सदायको मृत्युपछि अन्तिम संस्कारका लागि शव जलाउन दाउरा समेत नभएपछि नेपाली सेनाले दाउरा सहयोग गरेको छ । केही दिनदेखि तराईमा बढेको बाक्लो कुहिरो र चिसो हावाका कारण जनजीवन कष्टकर बन्दै गएको छ । चिसो बढेसँगै विपन्न र दलित बस्तीहरूमा न्यानो कपडा र आगो ताप्ने दाउराको अभाव देखिएको छ ।

# नवनियुक्त कृषिमन्त्री पटेलको निर्देशन– झारा टार्ने शैलीमा काम नगर्नू, म काम मन पराउँछु

जनकपुर, १६ पुस । मधेस प्रदेशका नवनियुक्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलले मन्त्रालयका कर्मचारीहरूलाई झारा टार्ने शैलीमा काम नगर्न निर्देशन दिएका छन् । बुधबार शपथग्रहणपछि आयोजित कर्मचारीहरूसँगको परिचयात्मक कार्यक्रममा मन्त्री पटेलले यस्तो निर्देशन दिएका हुन् । शपथग्रहणपछि कर्मचारीहरूसँगको ब्रिफिङ तथा परिचयात्मक कार्यक्रममा बोल्दै मन्त्री पटेलले मातहतका कर्मचारीलाई भाषणभन्दा काममा केन्द्रित हुन निर्देशन दिए । उनका अनुसार मधेस प्रदेशका किसानहरू मलखाद्यदेखि सिँचाइसम्मका विभिन्न समस्याबाट पीडित छन् ।

"किसानलाई धेरै समस्या छन् । मलखाद्य, सिँचाइलगायतका समस्या समाधान गर्ने गरी काम गर्नुपर्छ," मन्त्री पटेलले भने, "म भाषण होइन, काम मन पराउँछु । त्यसैले मधेस प्रदेशलाई कृषिमा देशकै नमुना प्रदेश बनाउने गरी काम गर्नुपर्छ ।" झारा टार्ने हिसाबले गरिने काम आफूलाई मन नपर्ने भन्दै मन्त्री पटेलले मधेस प्रदेश कृषिमै आश्रित प्रदेश भएकाले कसैले पनि लापरवाही नगर्न चेतावनी दिए । किसानका समस्या सहज रूपमा समाधान हुने गरी दत्तचित्त भएर काम गर्न उनले कर्मचारीहरूलाई आग्रह गरे ।

कार्यक्रममा प्रदेशको कृषिको अवस्था र किसानका समस्याबारे कर्मचारीहरूले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री पटेललाई ब्रिफिङ गरेका थिए ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)